



# सनसनी खेल जित्दै इंग्ल्यान्ड

मस्को, (एजेन्सी)

सनसनीपूर्ण खेल जित्दै इंग्ल्यान्ड रुसमा जारी फिफा विश्वकप फुटबलको क्वार्टरफाइनलमा प्रवेश गरेको छ।

मंगलबार राति भएको नकआउट चरणको अन्तिम खेलमा कोलम्बियाविरुद्ध टाइब्रेकरमा ४-३ ले जित हासिल गर्दै इंग्ल्यान्डले अन्तिम ८ मा स्थान पक्का गरेको हो। विश्वकप इतिहासमा इंग्ल्यान्ड पेनाल्टी सुट आउटमा विजयी भएको यो नै पहिलो पटक हो। इंग्ल्यान्डको जितमा गोलरक्षक जोर्डन पिक्फोर्डले कोलम्बियाका बाकाको प्रहार छेक्नु नै इंग्ल्यान्डको जितको कारण बन्यो।

कोलम्बियाका कप्तान राडामेल फाल्काओले पहिलो पेनाल्टीमा गोल गर्न सफल भए। इंग्ल्यान्डका लागि कप्तान ह्यारी केनले पनि पहिलो पेनाल्टीमा गोल गरेका थिए। दोस्रो प्रहारमा कोलम्बियाका हुवा काड्राडोले र इंग्ल्यान्डका मार्कस् रास्फोर्डले गोल गर्दा खेल टाइब्रकेर २-२ को बराबरी स्थितिमा पुगेको थियो।

तेस्रोमा कोलम्बियाका लुइस मुरियलले गोल गरे भने इंल्यान्डका जोर्डन हेन्डर्सनको प्रहारलाई कोलम्बियाका गोलकिपर डेभिड ओस्पिनाले रोकेका थिए। कोलम्बियाका लागि चौथो पेनाल्टी प्रहार गरेका मेटेउस उरिबीको प्रहार गोलपोस्ट दायाँ बिममा



लाग्दै बाहिरिएको थियो। त्यसपछि इंग्ल्यान्डका रक्षक केरन ट्रिपरले गोल गर्दै खेललाई ३-३ को बराबरीमा पुर्‍याएका थिए। कोलम्बियाका कार्लोस बाकाको प्रहारलाई इंग्ल्यान्डका गोलकिपर पिक्फोर्डले रोके। इंग्ल्यान्डका लागि इरिक डियरले गोल गरेपछि टोली ४-३ ले विजयी भएको थियो।

त्यसअघि इंग्ल्यान्ड र कोलम्बियाबीचको निर्धारित ९० र अतिरिक्त समयसम्मको खेल १-१ गोलको बराबरीमा टुंगिएको थियो। इन्जुरी समयको तेस्रो मिनेटमा येरी मिनाले हेडमार्फत गोल गरेपछि खेल १-१ को बराबरीमा टुंगिएको थियो। कर्नरबाट आएको बलमा मिनाले हेडमार्फत् गोल गरेपछि कोलम्बियाले अन्तिम क्षणमा क्वार्टरफाइनलमा पुग्ने सम्भावनालाई जीवितै राखेको थियो।

कप्तान ह्यारी केनको पेनाल्टी गोलबाट इंग्ल्यान्डले ५७औं मिनेटमा अग्रता लिएको थियो। कार्लोस सान्चेजले बक्सभित्र फाउल हानेपछि प्राप्त पेनाल्टीमा केनले बिना कुनै गल्ती गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए।

उक्त गोलसँगै जारी विश्वकपमा आफ्नो गोल संख्या ६ पुर्‍याएका केनले गोल्डेन बुटमाथिको दाबेदारी थप मजबुत गरेका छन्। उनको निकटतम प्रतिद्वन्द्वीका रूपमा ४ गोल गरेका बेल्जियमका रोमेलु लुकाकु रहेका छन्। इंग्ल्यान्डले अब सेमिफाइनल प्रवेशका लागि स्वीडेनको सामना गर्नेछ।

यो खेलको समाप्तीसँग विश्वकप क्वार्टरफाइनलको समीकरण पनि पूरा भएको छ। यसअघि नै उरुग्वे, फ्रान्स, आयोजक रुस, क्रोएसिया, ब्राजिल, बेल्जियम र स्वीडेन अन्तिम ८ मा पुगेका छन्। क्वार्टरफाइनलमा उरुग्वे र फ्रान्स, रुस र क्रोएसिया, ब्राजिल र बेल्जियम तथा इंग्ल्यान्ड र स्वीडेनबीच प्रतिस्पर्धा हुनेछ।

## अन्तिम १६ चरणका खेल तथा नतिजा



| | | | |
|---|---|---|---|
| **असार १६** | | | |
| फ्रान्स | ४ | ३ | अर्जेन्टिना |
| उरूग्वे | २ | १ | पोर्चुगल |
| **असार १७** | | | |
| स्पेन | १ | १ | रूस |
| (टाइब्रेकर) | ४ | ३ | |
| क्रोएसिया | १ | १ | डेनमार्क |
| (टाइब्रेकर) | ३ | २ | |
| **असार १८** | | | |
| ब्राजिल | २ | ० | मेक्सिको |
| बेल्जियम | ३ | २ | जापान |
| **असार १९** | | | |
| स्वीडेन | १ | ० | स्विजरल्यान्ड |
| कोलम्बिया | १ | १ | इंग्ल्यान्ड |
| (टाइब्रेकर) | ३ | ४ | |

## विश्वकप २०१८ का गोलकर्ता



**६**
ह्यारी केन (इंग्ल्यान्ड)

**४**
रोमेलु लुकाकु (बेल्जियम)
क्रिस्टियानो रोनाल्डो (पोर्चुगल)

**३**
डेनिस चेरिसेभ (रूस)
क्लियन एमबाप्पे (फ्रान्स)
एडिसन काभानी (उरूग्वे)
आर्टेम डजुबा (रूस)
डिएगो कोस्टा (स्पेन)
येरि मिना (कोलम्बिया)

**२**
इडेन हाजार्ड (बेल्जियम)
वाहबी खाज्री (ट्युनिसिया)
लुइस सुआरेज (उरूग्वे)
सर्जियो अग्वेरो (अर्जेन्टिना)
मोहम्मद सलाह (इजिप्ट)
जोन स्टोन्स (इंग्ल्यान्ड)
लुका मोड्रिच (क्रोएसिया)
अहमद मुसा (नाइजेरिया)
एन्ड्रेज ग्रानक्विस्ट (स्वीडेन)
माइल जेदिनाक (अस्ट्रेलिया)
सन हिउँग मिन (दक्षिण कोरिया)
एन्टोइने ग्रिजम्यान (फ्रान्स)
फिलिपे कौटिन्हो (ब्राजिल)
नेयमार (ब्राजिल)

## केन गोल्डेन बुटको दाबेदारीमा

रसियामा जारी फिफा विश्वकपअन्तर्गत समूह 'जी' को उपविजेता टोली इंग्ल्यान्डले समूह चरणका खेलमा निकै राम्रो प्रदर्शन गरेको थियो। विश्वकप जित्ने उद्देश्यका साथ रुस आएको टोलीले समूह चरणको अन्तिम खेलमा भने बेल्जियमसँग हारको सामना गरेको थियो। विश्वकप फाइनलसम्मको बाटो केही सहज पार्नका लागि सो खेल हारेको सूत्रले जनाएको थियो। सूत्रले जनाएअनुसार उनीहरू क्वाटरफाइनलमा ब्राजिलसँग खेल्न चाहेको थिएनन्।

इंगल्यान्डका कप्तान तथा स्ट्राइकर ह्यारी केनको भूमिका मंगलबारको खेलमा निकै महत्त्वपूर्ण बनेको थियो। उनले पेनाल्टीमा गोल गर्दै कोलम्बियाविरुद्धको खेलमा इंग्ल्यान्डलाई सुरुआती अग्रता दिलाएका थिए। योसँगै जारी विश्वकपमा उनले आफ्नो गोलसंख्या ६ पुर्‍याएका छन्। यसकारण उनलाई गोल्डेन बुटको प्रमुख दाबेदार मानिएको छ। उनले समूह चरणको २ खेलमा ५ गोल गरेका थिए। उनले १ खेलमा ह्याट्रिक पनि पूरा गरेका थिए। यो विश्वकपमा उनी गोल्डेन बुट पाउन सक्ने खेलाडी सूचीको अग्रस्थानमा छन्। स्वीडेनविरुद्ध हुने क्वाटरफाइनलमा पनि उनले आफ्नो गोलसंख्या बढाउन सक्ने अनुमान गरिएको छ।






# नाइजेरियाली कप्तानका पिता अपहरणमा

लन्डन, (एजेन्सी)

विश्वकप समूह चरणमा अर्जेन्टिनासँग खेल्नुअघि नाइजेरियाका कप्तान जोन ओबी मिकेलका पिताको अपहरण भएको खुलासा भएको छ।

मिकेलले अर्जेन्टिनाविरुद्ध खेल्न स्टेडियम जानका लागि बस चढेको अवस्थामा बुबा अपहरणमा परेको खबर आएको बताएका छन्। परिवारका सदस्यले फोन गरेर बुबा अपहरण परेको बताएको र अपहरणकारीले फिरौती मागेको उनले बताएका छन्।



स्टेडियम निस्कने क्रममा पिता अपहरणमा परेको स्तब्धपूर्ण खबर भने उनले टोलीका अन्य सदस्यलाई भनेका थिएनन्। नाइजेरियाको जोयस शहरबाट माकुर्दी इन्युगी राजमार्गमा गइरहेका बेला उनका पिता माइकल ओबी दक्षिण पूर्वी नाइजेरियाबाट अपहरणमा परेका थिए। अपहरणमा परेको १ सातापछि नाइजेरियन प्रहरीले उनलाई अपहरणमुक्त गरेको थियो। मिकेलका पिता सोमबार दिउसो अपहरणमुक्त भएका थिए।

तर त्यस क्रममा आफ्ना बुबाले धेरै यातना सहनुपरेको मिकेलले बताए।

हाल उनका बुबाको अस्पतालमा उपचार भइरहेको छ। यो उनका बुबा अपहरणमा परेको दोस्रोपटक हो। यसअघि सन् २०११ को अगस्टमा पनि उनका पिताको अपहरण भएको थियो।

मिकेलले आफ्ना बुबा अपहरणमा परेको पीडासँग जुध्दै अर्जेन्टिनाविरुद्ध पुरै ९० मिनेट मैदानमा बिताएका थिए।

उक्त खेलमा अर्जेन्टिना २-१ गोलले विजयी भएको थियो। 'मेरा बुबा अपहरणकारीको कब्जामा भएको बेला पनि पीडा दबाएर मैले खेलें' -मिकेलले भने।

## मार्सेलो, डानिलो र कोस्टा तयार हुँदै

मस्को, (एजेन्सी)

रसियामा जारी विश्वकपको बेल्जियमविरुद्ध हुने क्वाटरफाइनलका लागि ब्राजिलका मार्सेलो, डेनिलो र कोस्टा तयार हुँदैछन्।

बेल्जियमजस्तो कठिन प्रतिद्वन्द्वीलाई क्वाटरफाइनलमा पाखा लगाउँदै छैटौंपटक विश्वकप जित्ने अभियानमा रहेको ब्राजिललाई घाइते अवस्थामा रहेका ३ खेलाडीको 'कमब्याक' ले राहत मिल्न सक्नेछ। विश्वकप शुरू भएपछि विन्गर डग्लास कोस्टा, लेफ्ट ब्याक मार्सेलो र राइटब्याक डेनिलो घाइते हुँदा ब्राजिलियन टिममा तनाव थपिएको थियो।

रियल मेड्रिडका डिफेन्डर मार्सेलो र म्यानचेस्टर सिटीका डिफेन्डर डेनिलो घाइते हुँदा प्रशिक्षक टिटेमाथि दबाब बढेको थियो। टिटे नेतृत्वको ब्राजिलको डिफेन्स निकै बलियो मानिन्छ। ब्राजिलले २५ खेलमा ६ गोल मात्रै खाएको छ, जुन टिटे नेतृत्वको एउटा कीर्तिमान नै बनेको छ। बेल्जियमविरुद्ध यी ३ खेलाडीको पुनरागमनसँगै अग्रपंक्ति र डिफेन्समा थप सुधार हुने टिटेले बताएका छन्।

## आर्मी ह्याट्रिक उपाधि निकट

काठमाडौं, (नेस)

त्रिभुवन आर्मी क्लब तेस्रो ललित स्मृति यु १८ फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ।

बुधबार सेमिफाइनल खेलमा आर्मीले मोरङलाई २-१ ले हराएको हो। यससँगै विभागीय टोली उपाधिमाथि ह्याट्रिक गर्न अग्रसर भएको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको अर्को सेमिफाइनल खेलमा ब्रिगेड ब्वाइज क्लबले फ्रेन्डस् क्लबलाई पेनाल्टी सुटआउटमा हराएर शुक्रबार हुने उपाधि भीडन्तमा आर्मीसँग खेल्ने पक्का गर्‍यो।



अजय मण्डलले आत्मघाती गोल गरेर मोरङलाई पछाडि पारेका थिए। सो उपहार पाएको गोलसँगै आर्मी १०औं मिनेटमा १-० ले अगाडि बढेको थियो। मोरङका मनिष थापाले ५५औं मिनेटमा गोल गरेर खेल बराबरीमा ल्याए। तर सेसेहाङ आङदेम्बेले इन्जुरी समयमा गोल गर्दै आर्मीको जित पक्का गरेका थिए।

## नविता ब्रान्ड एम्बासडर

काठमाडौं, (नेस)

विजेश्वरी माविले आफ्नो पूर्वविद्यार्थी टेबलटेनिसकी राष्ट्रिय च्याम्पियन नविता श्रेष्ठलाई बुधबार 'ब्रान्ड एम्बासडर' मा नियुक्त गरेको छ। विजेश्वरीकी प्रिन्सिपल विन्दु तुलाधरले सम्झौतापत्रमा हस्ताक्षर गरे। मुख्यत: विजेश्वरी स्कुल र स्कुलको टेबलटेनिसको प्रवर्द्धनलाई गरिएको सम्झौता हाललाई १ वर्षको हुनेछ। अवस्था हेरेर पछि सम्झौता लम्बिन सक्ने विजेश्वरीकी प्रिन्सिपल तुलाधरले बताइन्। 'ब्रान्ड एम्बासडर' भएबापत विजेश्वरीले नवितालाई १ लाख २० हजार रूपियाँ उपलब्ध गराउनेछ। कुनै पनि संस्थाले टेबलटेनिस खेलाडीलाई 'ब्रान्ड एम्बासडर' मा नियुक्त गरेको यो नै पहिलो पटक भएको बताइएको छ।




## उपाध्यक्ष शाहीको राजीनामा

ललितपुर, (नेस)

पुल्चोक स्पोर्टस क्लबका उपाध्यक्ष सुदिल शाहीले राजीनामा दिनुभएको छ। क्लबको पदाधिकारीहरूको गतिविधिका कारण आफूले राजीनामा दिनुभएको जनाउनुभएको छ। करिब एक दशकदेखि क्लबको हितमा अघि बढ्दै आउनुभएका शाहीले असन्तुष्ट जनाउँदै राजीनामा दिनुभएको हो।

क्लब सञ्चालन र पदाधिकारीहरूको गतिविधिले संगसंगै अगाडि बढ्न सक्ने वातावरण नदेखिएकाले क्लबको उपाध्यक्ष पदबाट राजीनामा दिएको राजीनामापत्रमा उल्लेख गर्नुभएको छ। लामो समयदेखि आजको दिनसम्म विभिन्न पदमा रही सेवा गर्ने मौका दिनुभएकोमा क्लब परिवारलाई धन्यवाद दिनुभएको पत्रमा उल्लेख गर्नुभएको छ। लामो समयसम्म पुल्चोक क्षेत्रको सामाजिक कार्यमा लाग्दै आउनुभएका शाहीले सो क्लबलाई यो स्थानसम्म ल्याउन महत्त्वपूर्ण योगदान गर्दै आउनुभएको छ।